# जलेश्वर नगरपालिका
Jaleshwor Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office Of Municipal Executive
जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल
Jaleshwor, Mahottari, Madhesh Province, Nepal

कार्यालय: ०४४-५२००८७
फ्याक्स: ०४४-५२००९७
Email: jaleshwormun@gmail.com


पत्र संख्या(Fiscal Year):- २०८२/०८३

चलानी नं.(Ref. No.):- ३८९

मिति(Date):- २०८२/०५/१५

विषयः <u>३५ दिने सूचना प्रकाशन तथा प्रचारप्रसार सम्बन्धमा ।</u>

श्री वडा कार्यालय सबै (वडा नं. १ देखि १२ सम्म)
जलेश्वर नगरपालिका ।

उपर्युक्त सम्बन्धमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको प.सं. २०८२/०८३ च.नं. ८७ मिति २०८२/०५/१५ को पत्र र सोसाथ प्राप्त सूचना आवश्यक जानकारी तथा कार्यार्थको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

............................................
रणजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति : २०८२/०४/३०

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानुन बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत सकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।